# सरयू

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

वर्ष २, अंक ५ २०८३ भदौ


# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा बृहत् सरसफाइ तथा वृक्षारोपण




दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराही दाङको अस्पताल परिसरमा सरसफाइ तथा वृक्षारोपण कार्यक्रम हालै सम्पन्न भएको छ । अस्पताल परिसरलाई स्वच्छ, सफा, हराभरा तथा वातावरणमैत्री बनाउने उद्देश्यले शनिबार बिहान ८:०० बजेदेखि सञ्चालन गरिएको सरसफाइ तथा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको हो ।

निमित्त अस्पताल निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीको अध्यक्षता तथा प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्रको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा प्रतिष्ठानमा कार्यरत प्रशासनिक कर्मचारी, चिकित्सक, नर्सिङ कर्मचारी, सुरक्षा गार्ड तथा आउटसोर्सिङ अन्तर्गतका सरसफाइ कर्मचारीहरूको सहभागिता रहेको थियो । अस्पताल परिसरको सरसफाइसँगै विभिन्न स्थानमा वृक्षारोपणसमेत गरिएको थियो ।

कार्यक्रमका क्रममा अस्पताल परिसरभित्र रहेका विभिन्न क्षेत्र, आवतजावत गर्ने स्थान तथा वरपरको वातावरण सफा गरिएको थियो । त्यसैगरी अस्पताल परिसरलाई थप हरियालीयुक्त र आकर्षक बनाउने उद्देश्यले विभिन्न प्रजातिका सयौं बिरुवाहरू रोपिएको थियो । कार्यक्रममा बोल्दै प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजय कुमार मिश्रले स्वास्थ्य संस्थाको वातावरण स्वच्छ, सफा र व्यवस्थित हुनु उपचार सेवाको गुणस्तरसँग समेत जोडिएको विषय भएको बताउनुभयो । उहाँले सरसफाई अभियानलाई निरन्तरता दिइने बताउँदै वृक्षारोपणपछि बिरुवाको स्याहार गर्न सरसफाईकर्मीलाई आग्रह गर्नुभयो ।



अस्पतालमा आउने बिरामी, कुरुवा, सेवाग्राही तथा स्वास्थ्यकर्मीका लागि स्वच्छ र स्वस्थ वातावरण निर्माण गर्नु सबैको साझा दायित्व भएको उहाँको भनाइ थियो । त्यस्तै, निमित्त अस्पताल निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीले अस्पताल परिसरको सरसफाइ र हरियाली प्रवर्द्धनलाई नियमित अभियानका रूपमा अघि बढाउनुपर्नेमा जोड

दिनुभयो । अस्पतालको भौतिक संरचनासँगै यसको वरपरको वातावरण पनि सफा, सुन्दर र व्यवस्थित राख्न सकेमा सेवाग्राहीमा सकारात्मक प्रभाव पर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा सहभागी प्राध्यापक, चिकित्सक, कर्मचारीहरूले अस्पताल परिसरको सरसफाइसँगै वृक्षरोपण गरी वातावरण संरक्षण र हरियाली प्रवर्द्धनको सन्देश दिएका थिए । अस्पताल जस्तो संवेदनशील क्षेत्रमा स्वच्छता कायम राख्नु सबैको जिम्मेवारी भएकाले यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा सहभागीहरूले जोड दिएका थिए । प्रतिष्ठानमा दैनिक ठूलो संख्यामा बिरामी तथा सेवाग्राही आउने भएकाले अस्पताल परिसरको सरसफाइ, वातावरणीय व्यवस्थापन तथा हरियालीलाई विशेष प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको प्रतिष्ठानले जनाएको छ ।

चिकित्सक, नर्सिङ कर्मचारी, प्रशासनिक कर्मचारी, सुरक्षा गार्ड तथा सरसफाइ कर्मचारीहरूको सामूहिक सहभागिताले अस्पतालको स्वच्छता र वातावरण संरक्षणप्रति प्रतिष्ठान परिवारको प्रतिबद्धताले सकारात्मक सन्देश प्रवाह भएको अपेक्षा गरिएको छ । आगामी दिनमा पनि अस्पताल परिसरको नियमित सरसफाइ तथा वातावरण संरक्षणका गतिविधिलाई निरन्तरता दिने प्रतिष्ठानले जनाएको छ ।

## ई. बि.क. परिवारद्वार प्रतिष्ठानलाई तीन थान ह्विलचेयर




दाङ । डिभिजन सिँचाइ कार्यालय तुलसीपुरका पूर्व कार्यालय प्रमुख तथा हाल सेवा निवृत्त सिनियर डिभिजन इन्जिनियर कृष्णबहादुर बि.क. र उहाँकी धर्मपत्नी लक्ष्मी बि.क.ले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई तीन थान ह्विलचेयर सहयोग गर्नुभएको छ । घोराही उपमहानगरपालिका-१५ निवासी दम्पतीले आफ्नो सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा व्यक्तिगत रुपमा बिरामीको सहज सेवा र उपचार प्रक्रियालाई थप प्रभावकारी बनाउन सहयोगस्वरूप ह्विलचेयर उपलब्ध गराउनुभएको हो । प्रतिष्ठानमा उपचारका लागि आउने बिरामीलाई एक विभागबाट अर्को विभागमा सुरक्षित र सहज रूपमा आवतजावत गराउन सहयोग पुग्ने उद्देश्यले उक्त सामग्री हस्तान्तरण गरिएको जनाइएको छ । बुधबार आयोजित एक कार्यक्रममा कृष्णबहादुर बि.क. र लक्ष्मी बि.क.ले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका अस्पताल निर्देशक तथा सह-प्राध्यापक डा.सुरेश रसाइलीलाई तीन थान ह्विलचेयर हस्तान्तरण गर्नुभयो ।

ह्विलचेयर ग्रहण गर्दै अस्पताल निर्देशक डा.रसाइलीले दम्पतीले प्रदान गर्नुभएको सहयोगले बिरामीमैत्री सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले सामाजिक उत्तरदायित्वको भावनासहित गरिएको यस्तो सहयोगले अन्य व्यक्ति तथा संघसंस्थालाई पनि स्वास्थ्य क्षेत्रमा योगदान गर्न प्रेरणा मिल्ने बताउनुभयो । प्रतिष्ठानले सहयोगी दम्पतीप्रति आभार व्यक्त गर्दै उपलब्ध गराइएका ह्विलचेयर बिरामीको सेवामा प्रभावकारी रूपमा प्रयोग गरिने जनाएको छ ।

## राप्ती स्वास्थ्य प्रतिष्ठानमा पहिलो पटक अब मोबाइलबाटै ओपीडी टिकट

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा उपचारका लागि आउने बिरामीले अब घरमै बसेर मोबाइलबाटै ओपीडी टिकट लिन सक्ने भएका छन् । सूचना प्रविधिलाई उपयोग गर्दै प्रतिष्ठानले पहिलो पटक यो कार्यको सुरुवात गरेको हो । प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्रले सरकारको सुशासनको अभियानलाई साथ दिदै सूचना प्रविधिको युगलाई व्यबहारमै लागू गरेर बिरामीमैत्री सेवा दिने संस्थाको प्रमुख उद्देश्य रहेको बताउनु भयो ।

प्रतिष्ठानले बिरामीको सहजता, समय बचत तथा सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन अनलाइनमार्फत ओपीडी टिकट लिन सकिने व्यवस्था सुरु गरेको हो ।




प्रतिष्ठानका अनुसार बिरामीले Google Play Store वा App Store बाट 'Rapti Academy of Health' वा 'Mero Doctor' एप डाउनलोड गरी मोबाइल नम्बर र पासवर्डमार्फत लगइन गर्न सक्नेछन् । एपमा प्राप्त हुने OTP कोड राखेर सेवा प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ ।

अनलाइन प्रणालीमार्फत बिरामीले नियमित ओपीडी छनोट गरी आफूले उपचार गराउने सेवा तथा चिकित्सक र उपलब्ध समय छनोट गर्न सक्नेछन् । नयाँ बिरामीले आवश्यक विवरण भर्नुपर्नेछ भने पुराना बिरामीले आफ्नो कार्ड तथा विवरणअनुसार सेवा लिन सक्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी, मोबाइल नम्बर र OTP प्रयोग गरी बिरामीले आफ्नो विवरण सुरक्षित रूपमा प्रविष्ट गरेर आफूलाई आवश्यक सेवा र समय छनोट गरी ओपीडी टिकट लिन सक्नेछन् । यसबाट अस्पतालमा टिकट काट्नका लागि लामो समय लाइनमा बस्नुपर्ने बाध्यता कम हुने प्रतिष्ठानका अस्पताल निर्देशक सह-प्राध्यापक डा.सुरेश रसाइलीले बताउनु भयो । प्रतिष्ठानले डिजिटल प्रविधिको प्रयोगमार्फत स्वास्थ्य सेवा थप सहज, छिटो, सुरक्षित र विश्वसनीय बनाउने उद्देश्यले अनलाइन ओपीडी टिकटको व्यवस्था गरेको रसाइलीले बताउनुभयो । अब बिरामीले घरमै बसेर ओपीडी टिकट लिन सक्ने भएकाले समयको बचत हुनुका साथै अस्पतालमा हुने भीड व्यवस्थापनमा समेत सहयोग पुग्ने विश्वास गरिएको छ ।

# प्रतिष्ठानलाई दुई थान सक्सन मेसिन सहयोग



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई राष्ट्रिय स्वतन्त्र पार्टीका नेता, ई.अनन्तराज घिमिरेले ५० हजार रुपैयाँ बराबरका दुई थान सक्सन मेसिन सहयोग गर्नुभएको छ । घिमिरेले आफ्नी ८६ वर्षीया आमा जीवा घिमिरेको प्रतिष्ठानमा सफल उपचार भएको खुसीयालीमा आमाको नाममा उक्त स्वास्थ्य सामग्री सहयोग गर्नुभएको हो ।

आमाको उपचारका क्रममा सरकारी अस्पतालबाट प्राप्त सेवा सन्तोषजनक रहेको र उपचारपछि आमाको स्वास्थ्यमा उल्लेख्य सुधार आएको भन्दै घिमिरेले त्यसैको खुसीमा अस्पताललाई सहयोग गरेको बताउनुभयो । सक्सन मेसिन विशेषगरी शल्यक्रियाका क्रममा रगत, तरल पदार्थ तथा अन्य अनावश्यक पदार्थ बाहिर निकाल्न प्रयोग हुने

महत्वपूर्ण स्वास्थ्य उपकरण हो । अस्पतालमा नियमित उपचार तथा शल्यक्रियाका क्रममा यसको आवश्यकता पर्ने भएकाले दुई थान मेसिनको सहयोगले प्रतिष्ठानको सेवा प्रवाहमा थप सहजता पुग्ने अपेक्षा गरिएको छ ।

स्वास्थ्य संस्थालाई आवश्यक उपकरण सहयोग गरेर घिमिरे परिवारले सामाजिक उत्तरदायित्वको उदाहरण प्रस्तुत गरेको प्रतिष्ठानले जनाएको छ । सहयोगप्रति प्रतिष्ठान निर्देशक डा.सुरेश रसाइलीले घिमिरे परिवारलाई धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता सहयोग र सहकार्यले स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेको बताउनुभयो ।

# २५औँ स्थापना दिवसमा १ सय बढी बिरामीलाई फलफूल वितरण




दाङ । अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपालको २५औँ स्थापना दिवसका अवसरमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा उपचारत १ सय बढी बिरामीलाई फलफूल वितरण गरिएको छ । मञ्चका अध्यक्ष देवका खनालको अध्यक्षतामा आयोजित कार्यक्रममा बिरामीहरूको स्वास्थ्य लाभको कामना गर्दै फलफूल वितरण गरिएको हो । सामाजिक उत्तरदायित्व अन्तर्गत बिरामीहरूलाई केही सहयोग र आत्मीयता प्रदान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको मञ्चले जनाएको छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव एवं घोराही बनाउँ अभियानका संयोजक सविन प्रियासन, बयलडाँडा चौतारी क्लवका सचिव मधुसुदन रावत, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका शाखा अधिकृत शालिकराम कालाथोकी, पत्रकार गोविन्द खड्का लगायतको विशेष उपस्थिति रहेको थियो । कार्यक्रममा मञ्चका पदाधिकारी तथा सदस्यहरूको समेत सक्रिय सहभागिता थियो ।



कार्यक्रममा बोल्दै मञ्चका अध्यक्ष देवका खनालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, सम्मान र सामाजिक समावेशिताका लागि मञ्च निरन्तर क्रियाशील रहेको बताउनुभयो । उहाँले स्थापना दिवसलाई केवल औपचारिक कार्यक्रमका रूपमा नभई सेवामूलक र मानवीय कार्यसँग जोड्ने प्रयास गरिएको उल्लेख गर्नुभयो । “स्थापना दिवसमा गरिने कार्यक्रमले समाजमा सकारात्मक सन्देश दिनुपर्छ । बिरामीको दुःखमा थोरै भए पनि साथ दिन सकियो भने त्यो नै हाम्रो लागि ठूलो उपलब्धी हो,” अध्यक्ष खनालले भन्नुभयो ।

त्यस्तै, कार्यक्रममा सहभागी नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव एवं घोराही बनाउँ अभियानका संयोजक सविन प्रियासनले मानव सेवा सबैको साझा जिम्मेवारी भएको बताउनुभयो । उहाँले अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्न राज्यसँगै नागरिक समाज, सामाजिक संस्था र समुदायको सहकार्य आवश्यक रहेको धारणा राख्नुभयो । “बिरामीलाई फलफूल वितरण गर्नु सामान्य सहयोग जस्तो देखिए पनि यसले बिरामी र उनका परिवारलाई आत्मीयताको अनुभूति गराउँछ । सामाजिक संस्थाहरूले आफ्नो स्थापना दिवसलाई सेवासँग जोड्नु सकारात्मक संस्कार हो,” प्रियासनले भन्नुभयो ।

कार्यक्रममा सहभागीहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, स्वास्थ्य सेवामा सहज पहुँच तथा सामाजिक समावेशिताका लागि सबै पक्षबीच सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए । मञ्चले आगामी दिनमा पनि अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको हितमा विभिन्न सामाजिक तथा सेवामूलक गतिविधिलाई निरन्तरता दिने जनाएको छ । स्थापना दिवसका अवसरमा गरिएको फलफूल वितरणले बिरामीहरूमा खुसी र सकारात्मक ऊर्जा थपेको सहभागीहरूले बताएका थिए ।

## राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सीटी स्क्यान सेवा पुन: सञ्चालन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा केही दिनदेखि प्राविधिक समस्याका कारण अवरुद्ध रहेको सीटी स्क्यान सेवा पुन: सञ्चालनमा आएको छ । सीटी स्क्यान मेसिनमा समस्या देखिएपछि केही दिन सेवा प्रभावित भएको थियो । मेसिनको आवश्यक मर्मतसम्भार गरी समस्या समाधान भएपछि पुन: नियमित रूपमा सेवा सञ्चालनमा ल्याइएको प्रतिष्ठानले जनाएको छ ।


राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान
Rapti Academy of Health Sciences
(राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ अन्तर्गत स्थापित)
घोराही, दाङ नेपाल Ghorahi, Dang, Nepal

प.सं. : ०८३।०८४
च.नं. : १५६ (अ.प्र)

आन्तरिक सर्कुलर/जानकारी
(मिति २०८३।०५।०५)

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रहेको सिटी स्क्यान मेसिनमा आएको समस्याका कारण केही दिन सेवा अवरूद्ध भएकोमा हाल मर्मत पश्चात समाधान भई सेवा सुचारू भएको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

सह-प्रा.डा. सुरेश विक रसाइली
निमित्त निर्देशक
निर्देशक

प्रतिष्ठानका निमित्त निर्देशक सह-प्रा.डा.सुरेश वि.क.रसाइलीले सीटी स्क्यान सेवा पुन:सञ्चालनमा आएको जानकारी दिनुभएको हो । मेसिन बिग्रिएपछि चीनबाट सामान ल्याई बायोमेडिकलको प्राविधिक विज्ञ टोलीले मर्मत गरेर सुचारु गरेको रसाइलीले बताउनुभयो । सेवा सुचारु भएसँगै प्रतिष्ठानमा उपचारका लागि आउने बिरामीले नियमित रूपमा सीटी स्क्यान सेवा लिन सक्ने भएका छन् । प्रतिष्ठानले सीटी स्क्यान सेवा अवरुद्ध हुँदा बिरामी तथा सेवाग्राहीमा पर्न गएको असुविधाप्रति ध्यानाकर्षण गराउँदै मर्मतपछि सेवा सञ्चालनमा आएको जानकारी गराएको छ ।

## राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई भेन्टिलेटर हस्तान्तरण




दाङ । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु काठमाडौंले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीलाई एक थान भेन्टिलेटर हस्तान्तरण गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत नीति, योजना तथा अनुगमन महाशाखाको पत्र अनुसार सचिव स्तरीय निर्णय बमोजिम टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा रहेको स्वास्थ्य उपकरण प्रतिष्ठानलाई हस्तान्तरण गरिएको हो ।

अस्पतालले भदौ ५ गते जारी गरेको पत्रमार्फत प्रतिष्ठानलाई स्वास्थ्य उपकरण हस्तान्तरण गरी पठाइएको जानकारी गराएको छ । पत्रमा उल्लेख भएअनुसार Aeonmed कम्पनीको एक थान भेन्टिलेटर प्रतिष्ठानलाई उपलब्ध गराइएको हो । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक अनुप बाँस्तोलाले प्रतिष्ठानका डेपुटी म्यानेजर आत्मराम बस्नेतलाई उपकरण हस्तान्तरण गर्नुभएको थियो ।

बास्तोलाद्वारा हस्ताक्षरित पत्रमा प्रतिष्ठानले उक्त भेन्टिलेटरलाई आफ्नो PAMS System मा आम्दानी बाँधी प्रमाणित गर्नसमेत अनुरोध गरिएको छ । भेन्टिलेटर हस्तान्तरणसँगै राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गम्भीर अवस्थाका बिरामीको उपचार तथा आकस्मिक सेवामा थप सहयोग पुग्ने प्रतिष्ठानका निमित्त अस्पताल निर्देशक, सह-प्राध्यापक डा.सुरेश रसाइलीले बताउनुभयो ।

# बस दुर्घटनामा गम्भीर घाइते अमरको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सफल उपचार, च्यातिएको अनुहार पुनर्संरचना



दाङ । विदेश जाने तयारीमा रोल्पाबाट काठमाडौं जाँदै गरेका रोल्पाको त्रिवेणी गाउँपालिकाका अमरकुमार झाँक्री बस दुर्घटनामा परी गम्भीर घाइते हुनुभयो । रोल्पाबाट काठमाडौं जाने क्रममा टिला गरगरे क्षेत्रमा भएको बस दुर्घटनामा उहाँसहित २० जना घाइते भएका थिए । तीमध्ये १५ जना गम्भीर घाइते भएका थिए भने ५ जना सामान्य घाइते भए । दुर्घटनामा गम्भीर घाइते भएका अमरको टाउको, अनुहार, घाँटी तथा कानमा गहिरो चोट लागेको थियो । टाउकोमा गम्भीर चोट लाग्नुका साथै अनुहार र घाँटीको ठूलो भाग च्यातिएको तथा लाछिएको थियो । कानको बाहिरी भागमा मात्र नभई भित्रसम्म गहिरो चोट पुगेको थियो । दुर्घटनापछि अर्धचेत अवस्थामा रहेका अमरलाई थप उपचारका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराही ल्याइएको थियो ।

प्रतिष्ठानमा ल्या

उँदा उहाँको अवस्था निकै जटिल थियो । टाउकोमा चोट लागेर हड्डी फुट्नुका साथै रगत जमेको थियो भने अनुहारको प्रमुख भागमा ठूलो तथा गहिरो घाउ बनेको थियो । घाँटी र कानमा समेत गम्भीर चोट रहेकाले सामान्य उपचारबाट मात्रै अवस्था सुधार गर्न सकिने अवस्था थिएन । अमरको जटिल अवस्थालाई ध्यानमा राख्दै प्रतिष्ठानका विभिन्न विधाका विशेषज्ञ चिकित्सकहरू सम्मिलित टोलीले उपचार सुरु गरेको थियो । उपचार टोलीमा न्युरो सर्जन डा.उपमा शर्मा, मुख तथा अनुहार शल्य चिकित्सक डा.निरोज खनाल, नाक, कान तथा घाँटी रोग विशेषज्ञ डा.सरोज आचार्य र दन्त रोग विशेषज्ञ डा.करिष्मा भण्डारी लगायतका विशेषज्ञ चिकित्सकहरू सहभागी हुनुहुन्थ्यो । अमरको उपचारमा चिकित्सकहरूले लगातार लामो समयसम्म शल्यक्रिया गर्नुपरेको थियो । पहिलो चरणमा करिब छ घण्टा लामो शल्यक्रिया गरी टाउकोमा जमेको रगत तथा चोटको उपचार गरिएको थियो । टाउकोको शल्यक्रियापछि अनुहार तथा अन्य क्षतिग्रस्त भागको उपचारका लागि दोस्रो चरणको शल्यक्रिया गरिएको थियो, जुन करिब नौ घण्टासम्म चलेको थियो ।



जटिल शल्यक्रियापछि पनि अमरलाई करिब १० दिनसम्म आईसीयूमा राखेर उपचार तथा निगरानी गरिएको थियो । टाउको, अनुहार र घाँटीमा ठूलो घाउ रहेकाले संक्रमण फैलिन सक्ने जोखिम उच्च रहेको चिकित्सकहरूले बताएका थिए । संक्रमण नियन्त्रणमा आउन नसके बिरामीको अवस्था थप गम्भीर बन्न सक्ने जोखिमका बीच चिकित्सकीय टोलीले निरन्तर निगरानी र उपचार गरेको थियो । अनुहारको प्रमुख भागमा ठूलो खाल्डो परेको घाउ थियो । चोटका कारण हड्डी फुट्नुका साथै त्यहाँ रगत जमेको थियो । यस्तो जटिल अवस्थालाई सुधार गर्न चिकित्सकहरूले चरणबद्ध रूपमा शल्यक्रिया गर्दै क्षतिग्रस्त भागको पुनर्संरचना गरेका थिए । अनुहारको क्षतिग्रस्त भागमा आवश्यक संरचना तयार गर्न घाँटीको छाला प्रयोग गरी अनुहारको पुनर्संरचना गरिएको थियो । लामो समयसम्म चलेको शल्यक्रिया र त्यसपछिको नियमित उपचार तथा ड्रेसिङबाट बिस्तारै घाउ निको हुँदै गएको चिकित्सकहरूले बताएका छन् ।

अनुहारको उपचारसँगै कानमा रहेको गहिरो घाउको समेत उपचार गरिएको थियो । कानको भित्री भागसम्म चोट पुगेकाले त्यसलाई पनि विशेषज्ञ चिकित्सकहरूले निरन्तर उपचार र निगरानीमा राखेका थिए । शल्यक्रिया, औषधी, नियमित ड्रेसिङ तथा निरन्तर चिकित्सकीय निगरानीपछि अमरको स्वास्थ्यमा क्रमश: सुधार आएको हो । अर्धचेत अवस्थामा अस्पताल पुगेका अमर अहिले बोल्न, हिँडडुल गर्न र सामान्य अवस्थामा फर्किन सक्ने अवस्थामा पुग्नुभएको छ । अनुहारमा लागेको गम्भीर चोटका कारण स्वरूपमा ठूलो परिवर्तन आउने जोखिम भए पनि चिकित्सकहरूको निरन्तर प्रयासबाट अनुहारको संरचनालाई सम्भव भएसम्म सामान्य अवस्थामा ल्याउन सफल भएको उपचारमा संलग्न चिकित्सकहरूको भनाइ छ ।

उपचारपछि घाउहरू क्रमश: निको हुँदै गएका छन् । अनुहारमा बाँकी रहेको दागसमेत समयक्रममा कम गर्दै लैजाने गरी थप उपचार आवश्यक पर्ने चिकित्सकहरूले बताएका छन् । आवश्यकतानुसार आगामी दिनमा पनि अनुहारको दाग कम गर्ने तथा सौन्दर्यात्मक सुधारका लागि थप उपचार गरिने जनाइएको छ । दुर्घटनामा गम्भीर घाइते भएर जीवनकै कठिन अवस्थामा पुगेका अमर लामो उपचारपछि स्वास्थ्यमा सुधार आएर नयाँ जीवन पाउन सफल हुनुभएको छ । आफ्नो उपचार सफल भएपछि बिरामी अमरले आफ्नो ज्यान जोगाई दिएकोमा चिकित्सकहरुलाई धन्यवाद दिनुभयो । उहाँको उपचारमा संलग्न चिकित्सकहरूका अनुसार यस्ता जटिल प्रकृतिका चोटमा समयमै अस्पताल पुर्‍याउनु, विभिन्न विधाका विशेषज्ञ चिकित्सकबीच समन्वय हुनु र निरन्तर उपचार तथा निगरानी अत्यन्त महत्वपूर्ण हुन्छ ।

रोल्पाबाट काठमाडौं जाँदै गर्दा दुर्घटनामा परी गम्भीर घाइते भएका अमरका लागि राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको लामो र चुनौतीपूर्ण उपचार अहिले सफल परिणाममा पुगेको छ । टाउकोदेखि अनुहार, घाँटी र कानसम्म गम्भीर चोट लागेको अवस्थामा पनि विशेषज्ञ चिकित्सकहरूको संयुक्त प्रयास, लामो समयसम्म गरिएको शल्यक्रिया र निरन्तर उपचारबाट उहाँको स्वास्थ्यमा उल्लेख्य सुधार आएको हो ।

## प्रतिष्ठानमा प्रसूति सेवालिने सेवाग्राहीको चाप उच्च




दाङ । दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रसूति सेवा लिनेको संख्या पछिल्लो समय बढेको छ । अस्पतालमा विशेषज्ञ जनशक्ति थपिनु, प्रसूति सेवामा सुधार हुनु तथा अस्पतालप्रति सेवाग्राहीको विश्वास बढ्दै जानुले प्रसूति सेवा लिनेको संख्या उल्लेख्य रूपमा बढेको अस्पतालका निमित्त निर्देशक, सह-प्राध्यापक डा.सुरेश रसाइलीले जानकारी दिनुभयो ।

अस्पतालले दिएको तथ्याङ्क अनुसार एक महिनामा शल्यकृयामार्फत प्रसुति सेवा २ सय ३ जना महिलाले प्राप्त गरेका छन् । त्यस्तै ५ सय ८१ जना महिलाले नर्मल प्रसुति सेवा पाएका छन् । यो संख्या साउन १ गतेदेखि साउन ३१ गतेसम्मको हो । त्यस्तै एक महिनाको समयमा प्रतिष्ठानमा २ हजार ३ सय ४८ जनाले प्रसुति विभागबाट ओपीडी सेवा प्राप्त गरेका छन् भने ५ सय ८४ जना महिलालाई भर्ना गरेर उपचार गरिएको छ ।

अस्पतालका निमित्त निर्देशक डा.रसाइलीले पछिल्लो समय प्रसूति सेवामा सेवाग्राहीको चाप बढेसँगै विशेषज्ञ जनशक्ति थप गरिएको जानकारी दिनुभयो । अस्पताल प्रशासनले स्वास्थ्य संस्थामा सेवा विस्तारसँगै सेवाको गुणस्तर सुधार हुँदै जादा स्थानीय तथा आसपासका क्षेत्रका महिला अस्पतालमा प्रसूति गराउन आकर्षित भएको जनाएको छ ।

## प्रतिष्ठानको रेडियोलोजी विभागबाट ७ हजार बढीले पाए सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट एक महिनाको अवधिमा ७ हजार बढी बिरामीले रेडियोलोजी सेवा प्राप्त गरेका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार रेडियोलोजी विभाग अन्तर्गत ७ हजार २ सय ३८ जना बिरामीले सेवा प्राप्त गरेका हुन् । यो तथ्याङ्क साउन १ गतेदेखि साउन ३२ गतेसम्मको हो । जसअनुसार साउन २१ गतेसम्म ३ सय २३ जनाले सिटी स्क्यान सेवा, १ सय ४३ जनाले एमआरआई सेवा प्राप्त गरेका छन् । त्यस्तै भिडियो एक्सरे सेवा २ हजार ४ सय ४७ जनाले सेवा पाएका छन् । जसमा महिला १ हजार ८ सय जना र पुरुष ६ सय ४७ जनाले भिडियो

एक्सरे सेवा पाएका छन् । यसै गरेर एक्सरेतर्फ ४ हजार ३ सय २५ जना बिरामीले सेवा पाएका छन् । जसमा पुरुष तर्फ १ हजार ९ सय ७७ जना र महिलातर्फ २ हजार ३ सय ४८ जनाले एक्सरे सेवा पाएका छन् ।

# प्रतिष्ठानमा साउन महिनामा १ सय जना मृगौलामा पत्थरी भएका बिरामीको सफल शल्यक्रिया

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा युरोलोजी (मूत्ररोग) सेवा सुरु भएपछि सेवावाट लाभान्वित हुने बिरामीको संख्या बढ्दै गएको छ । प्रतिष्ठानका युरोलोजिस्ट सर्जन डा.सुशिल खनियाँको नेतृत्वमा चिकित्सक, नर्स, स्वास्थ्यकर्मीसहितको टोलीले सानादेखि ठूला शल्यक्रिया नियमित रूपमा सञ्चालन गर्दै आएको छ ।

प्रतिष्ठानका अनुसार युरोलोजी ओपीडी (बाह्य बिरामी विभाग) मार्फत दैनिक ७० भन्दा बढी बिरामीले परामर्श तथा उपचार सेवा लिइरहेका छन् । प्रतिष्ठानको तथ्याङक अनुसार साना तथा ठुला गरेर साउन १ देखि ३१ गतेसम्म युरोलोजी विभागबाट सामान्यदेखि जटिल प्रकृतिका गरेर १ सय १७ जना मृगौलामा पत्थरी भएका बिरामीको सफल शल्यक्रिया गरिएको छ । जसमा गम्भीर प्रकृतिका ६४ जना र सामान्य प्रकृतिका ५३ जना बिरामीले उपचार पाएका छन् । एक महिनाको अवधिमा ५ सय ७६ जना बिरामीहरुले युरोलोज अन्तर्गतको ओपीडी सेवा प्राप्त गरेका छन् भने ७० जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ ।

यसअघि जिल्लामा युरोलोजी सेवा नहुँदा सामान्यदेखि विशेषज्ञ उपचारका लागि बिरामीलाई बाहिरका सहर जानुपर्ने बाध्यता थियो । तर, प्रतिष्ठानमा अत्याधुनिक उपकरणसहित यो सेवा बिस्तार भएपछि युरोलोजी सेवा अत्यन्तै प्रभावकारी हुँदै गएको छ । युरोलोजी सेवाअन्तर्गत पिसाबसम्बन्धी रोग, प्रोस्टेट, मिर्गौलाको पत्थरी, पित्तथैलीको पत्थरी, पिसाबको नलीसम्बन्धी समस्या, अण्डकोषमा मासु पलाउने वा सुन्निने, पिसाब पोल्ने वा चुहिने लगायतका रोगहरूको उपचार प्रतिष्ठानमा गर्न सकिने युरोलोजिस्ट डा.खनियाले जानकारी दिनुभयो । उहाँका अनुसार युरोलोजी सेवा लिने बिरामीको संख्या दिनदिनै बढ्दो क्रममा छ ।

प्रतिष्ठानमा विशेषज्ञ चिकित्सकसहितको युरोलोजी सेवा अत्यन्त प्रभावकारी बनेको बताउँदै स्थानीय स्तरमै विशेषज्ञ उपचार सेवा प्राप्त गर्न पाउँदा बिरामीहरू खुसी भएका छन् । डा.खनियाँ लामो समयदेखि प्रतिष्ठानमा युरोलोजी सेवा प्रदान गर्दै आएका अनुभवी चिकित्सकका रुपमा परीचित हुनुहुन्छ ।

## *एक महिनामा प्रतिष्ठानको प्रयोगशालाबाट ५३ हजार बढीको परीक्षण*

*दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालाबाट एक महिनाको अवधिमा ५३ हजार ६ सय ३३ वटा परीक्षण गरिएको छ । २०८३ साउन १ गतेदेखि साउन ३१ गतेसम्मको तथ्याङ्क हो । उक्त अवधिमा प्रयोगशालामार्फत विभिन्न प्रकारका परीक्षण सेवा प्रदान गरिएको हो । स्वास्थ्य संस्थामा आउने बिरामीको आवश्यकतानुसार प्रयोगशाला परीक्षण गरिँदै आएको छ । एक महिनामै ५३ हजारभन्दा बढी परीक्षण हुनुले प्रयोगशाला सेवाको माग तथा सेवाग्राहीको चाप उल्लेख्य रहेको छ । प्रयोगशाला सेवा स्वास्थ्य उपचार प्रणालीको महत्वपूर्ण हिस्सा हो ।*

# प्रतिष्ठानमा साउनमा २ सय ३१ जना बिरामीले पाए मुटुको विशेषज्ञ सेवा



दाङ । दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटुको कोरोनरी एन्जियोग्राफी र एनजियोप्लाष्टि सेवा सुरू भएपछि मुटु रोगको विशेषज्ञ उपचार सेवा अत्यन्तै प्रभावकारी बन्दै गएको छ । जिल्लामा यो सेवा सुरु भएसँगै हृदयघात भएका बिरामीहरुलाई जिल्लामै सहजै उपचार प्राप्त गर्न सक्नेछन् । मुटुको रक्तनलीको उपचार दाङमा यसरी पहिलो पटक सुरु भएको हो । यस अघि मुटुको उपचारका लागि जिल्ला बाहिर जानुपर्ने अवस्था रहेको थियो । मुटु रोगको उपचारका लागि क्याथेल्याबसहित महत्वपूर्ण उपकरणहरु प्रतिष्ठानमा रहेको छ । मुटु रोगको उपचार सेवाका लागि विपन्न नागरिक औषधी उपचार कोषमा सूचिकृतका लागि निवेदन समेत पठाइएकाले सूचिकृत हुने बित्तिकै बिरामीलाई प्रतिष्ठानबाटै थप सहजता प्राप्त हुनेछ ।

यो सेवाका लागि फिजिसियन तथा मुटु रोग विशेषज्ञ डा.दिनेश उप्रेती नेतृत्वको टोली छ । डा.उप्रेतीले प्रतिष्ठानमा इन्टरभेन्सनल कार्डियोलोजी सेवा सुरु गर्न सक्षम बनाएको बताउनुभयो । उहाँले यस सेवाको सुरुवात कोरोनरी एन्जियोग्राफी तथा आकस्मिक पेरिकार्डियोसेन्टेसिसबाट गरिएको जानकारी दिनुभयो । मुटुको उपचार सेवा प्रतिष्ठामा प्राप्त हुन थालेपछि बिरामी खुशी भएका छन् । चालु आर्थिक वर्षको साउन महिनामा २ सय ३१ जना बिरामीले ओपीडीमार्फत मुटु रोगको उपचार सेवा पाएका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार साउन १ गतेदेखि ३१ गतेसम्म ६ जना मुटु रोगका बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । त्यस्तै उप्रेतीको नेतृत्वमा रहेको मुटु रोग विशेषज्ञको टोलीले साउन महिनामा १० वटा मुटु सम्बन्धी रोगका साना तथा ठुला अप्रेसन सफलतापूर्वक गरिसकेको छ ।

## साउनमा सर्जरी विभागद्वारा १ सय ६ जना बिरामीको सफल अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्ष २०८३ सालको साउन महिनामा ठूला-साना र मध्यम गरेर १ सय बढी बिरामीको सफल अप्रेसन भएको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार साउन १ गतेदेखि ३१ गतेसम्म प्रतिष्ठानमा सो संख्यामा बिरामीको सामान्यदेखि जटिल प्रकारका अप्रेसन भएका हुन् ।

चालु आर्थिक वर्षको साउन महिनामा गम्भीर प्रकृतिका ८६ जना, मध्यम प्रकृतिका ११ जना र सामान्य ९ जना बिरामीको सफलतापूर्वक अप्रेसन गरिएको छ भने १ हजार १ सय ६६ जना बिरामीले ओपीडीबाट सर्जरी सेवा पाएका छन् । त्यस्तै १ सय ६५ जना बिरामीले भर्ना भई सर्जरीको उपचार सेवा पाएका छन् ।

## साउनमा १० जना न्यूरो सम्बन्धी बिरामीको सफल अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सुपर स्पेशीयालिटी सेवा थपिएपछि उपचार गर्न आउने बिरामीको संख्या बढ्दै गइरहेको छ । यसैक्रममा प्रतिष्ठानमा पछिल्लो पटक न्यूरो सर्जरी सेवा सञ्चालनमा आएपछि बिरामीले स्थानीयस्तरमा नै विशेषज्ञ सेवा पाउन थालेका छन् । चालु आर्थिक वर्ष २०८३ सालको साउन महिनामा १० जना बिरामीको न्यूरो सर्जरी सफलतापूर्वक सम्पन्न भएको छ । जसमा ९ जना जटिल न्यूरो सम्बन्धी अप्रेसन भएका छन् भने एक जना बिरामीको सामान्य न्यूरो सर्जरी भएको छ । न्यूरो सर्जरी सेवा प्राप्तीका लागि दाङलगायत यस आसपासका बिरामीहरु जिल्ला बाहिर जानुपर्ने बाध्यता रहदै आएको थियो ।

प्रतिष्ठानमा विशेषज्ञ चिकित्सकसहितको न्यूरो सर्जरी सेवा सुरु भएपछि न्यूरो उपचार अब दाङकै प्रतिष्ठानमा हुन लागेको हो । प्रतिष्ठानले दिएको जानकारी अनुसार साउन १ गतेदेखि ३१ गतेसम्म प्रतिष्ठानमा सो संख्यामा बिरामीको सामान्यदेखि जटिल प्रकारका न्यूरो सर्जरी भएका हुन् । चालु आर्थिक वर्षको साउन महिनामा ४ सय २० जना बिरामीले ओपीडीबाट न्यूरो सर्जरी सेवा पाएका छन् । त्यस्तै २९ जना बिरामीले भर्ना भई न्यूरो सर्जरी विभागबाट उपचार सेवा पाएका छन् । न्यूरो विशेषज्ञ चिकित्सकहरु डा.उपमा शर्मा र डा.विश्वास श्रेष्ठसहितको चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुको टोलीले न्यूरो सर्जरी सेवा प्रतिष्ठानलाई प्रदान गरिरहनु भएको छ ।

## राप्ती प्रतिष्ठानमा ७१ जना बिरामीको हाडजोर्नी सम्बन्धी अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको एक महिनाको अवधिमा साना तथा ठुला गरेर ७१ जना हाडजोर्नी सम्बन्धी रोगका बिरामीको अप्रेसन भएको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार गएको साउन १ गतेदेखि ३१ गतेसम्म सो संख्यामा हाडजोर्नी सम्बन्धी बिरामीको सफलतापूर्वक शल्यकृया गरिएको हो । जस अनुसार गम्भीर, मध्यम र सामान्य खालका गरेर सो संख्यामा हाडजोर्नी रोगका बिरामीको अप्रेसन गरिएको छ । जसअनुसार गम्भीर प्रकृतिका २१ जना, मध्यम प्रकृतिका २९ जना र सामान्य २१ जना बिरामीको हाडजोर्नी सम्बन्धी अप्रेसन गरिएको छ ।

प्रतिष्ठानमा एमआरआई, सिटिस्क्यानसहितको सेवा बिस्तारसँगै अनुभवी हाडजोर्नी रोगका विशेषज्ञहरुबाट बिरामीहरुले उपचार प्राप्त गर्दै आएका छन् । त्यस्तै प्रतिष्ठानबाट साउन महिनामा १ हजार ९ सय ४७ जना बिरामीहरुले हाडजोर्नी सम्बन्धी उपचार ओपीडीमार्फत प्राप्त गरेका छन् भने ७३ जना हाडजोर्नी सम्बन्धी बिरामीलाई भर्ना गरी उपचार गरेर सेवा दिईएको छ । हाडजोर्नी रोगको राम्रो उपचारका लागि विगतमा जिल्ला बाहिर जानुपर्ने बाध्यता रहेकोमा प्रतिष्ठानमा हाडजोर्नी रोगको उपचार सुरु भएपछि बिरामीको त्यो बाध्यता बिस्तारै अन्त्य हुँदै गएको छ ।

## साउनमा ओपीडीबाट ९ सय ५३ बालबालिकाले पाए बालरोग विशेषज्ञ सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानवाट चालु आर्थिक वर्षको साउन महिनामा ९ सय बढी बालबालिकाले ओपीडीबाट बालरोग विशेषज्ञ सेवा पाएका छन् । बालरोग विशेषज्ञ प्राध्यापक डा.दिपकराज पौडेलको नेतृत्वमा अन्य बालरोग विशेषज्ञ चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुबाट बिरामी बालबालिकाहरुले उपचार सेवा पाईरहेका छन् । त्यस्तै

साउन महिनामा ९ सय ५३ जना बालबालिकाले ओपीडी सेवामार्फत बालरोग सम्बन्धी उपचार प्राप्त गरेका छन् भने १ सय ९४ जना बालबालिकालाई भर्ना गरेर उपचार गरिएको छ । यो संख्या गएको साउन १ गतेदेखि ३१ गतेसम्मको हो ।

## साउनमा ओपीडीबाट ५ सय ८२ बिरामीले मानसिक रोगको उपचार सेवा पाए

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट चालु आर्थिक वर्षको साउन महिनामा ५ सय बढी बिरामीले ओपीडीबाट मानसिक रोगको उपचार सेवा पाएका छन् । मानसिक रोग विशेषज्ञद्वय डा.सरोज उप्रेती र नितु बस्नेत नेतृत्वको चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुको टोलीले बिरामीहरुको उपचार गर्दै आइरहेको छ । जसअनुसार प्रतिष्ठानको मानसिक रोग विभागबाट ५ सय ८२ जना बिरामीले उपचार सेवा पाएका छन् भने ९ जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । यो तथ्याङ्क साउन १ गतेदेखि ३१ गतेसम्मको हो ।

## साउनमा नाक, कान, घाँटी रोगसम्बन्धी २९ जना बिरामीको अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको चालु आर्थिक वर्षको साउन महिनामा नाक, कान, घाँटी रोगसम्बन्धी साना तथा ठुला गरेर २९ वटा अप्रेसन भएको छ । नाक, कान, घाँटी रोग विशेषज्ञ प्राध्यापक डा.दिपेन्द्र गौतम नेतृत्वमा चिकित्सक, नर्स र स्वास्थ्यकर्मीले नाक, कान, घाँटी रोगको अप्रेसनदेखि उपचार सेवा बिरामीले पाइरहेका छन् । जसअनुसार गम्भीर प्रकृतिका १३ जना, मध्यम प्रकृतिका ३ जना र सामान्य १३ जना बिरामीको अप्रेसन सफलतापूर्वक गरिएको हो ।

त्यस्तै साउन महिनामा ८ सय ८० जना बिरामीले ओपीडीमार्फत नाक, कान, घाँटी रोगको उपचार सेवा पाएका छन् भने ४३ जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । यो संख्या गएको साउन १ गतेदेखि ३१ गतेसम्मको हो ।

## प्रतिष्ठानमा एक हजारभन्दा बढीको आँखा सम्बन्धी रोगको उपचार

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पछिल्लो पटक आँखाको उपचारका लागि आउने बिरामीको संख्या बढ्दै गएको छ । अनुभवी आँखा रोग विशेषज्ञका रुपमा रहनु भएका प्रतिष्ठानका अस्पताल निर्देशक, सह-प्राध्यापक डा.सुरेश रसाइलीले सेवा सुरु गरेपछि आँखाको उपचारका लागि आउने बिरामीको संख्या बढेको हो । हाल प्रतिष्ठान आँखा उपचारका लागि प्रमुख उपचार केन्द्रका रुपमा स्थापित हुँदै गएको छ । आँखा रोगका विशेषज्ञ चिकित्सकहरुबाट नै प्रतिष्ठानमा आँखा रोगको सामान्यदेखि जटिल उपचार हुन थालेपछि उपचारमा आउने बिरामीको संख्या पनि बढ्दै गएको हो । केही समय पहिले रुकुम, रोल्पा, सल्यान वा प्युठानका बिरामीहरूका लागि आँखाको जटिल रोगको उपचारका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता रहदै आएकोमा प्रतिष्ठानमा आखाँको उपचार सुरु भएपछि बिरामीको त्यो बाध्यता बिस्तारै हट्दै गएको भन्दै बिरामीहरुले स्थानीयस्तरमा नै बिशेषज्ञबाट आँखा उपचारको सेवा पाउनु अत्यन्तै खुशीको कुरा रहेको बताउदै आएका छन् । जिल्लामै आँखाको राम्रो उपचार पाउन थालेपछि सेवा लिन आउने बिरामीहरु अत्यन्तै हर्षित भएका छन् । चालु आर्थिक वर्षको साउन महिनामा मात्रै प्रतिष्ठानमा ३१ जना बिरामीको आँखाको अप्रेसन गरिएको छ ।

जसमा आँखाको मोतिविन्दुको अप्रेसन २३ जनाको, प्टेरीजियम २ जनाको र कन्जङ्क्टिभल लेसरेशन मर्मत १ जनाको गरिएको छ । त्यस्तै अकुलोप्लास्टी ८ जनाको गरिएको छ । डा.सुरेशको नेतृत्वमा चिकित्सक, नर्स, स्वास्थ्यकर्मीको सहभागितामा सानादेखि गम्भीर खालका आँखाको उपचारदेखि अप्रेसन प्रतिष्ठानमा हुँदै आएका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार गएको साउन १ गतेदेखि ३१ गतेसम्म सो संख्यामा आँखाका बिरामीहरुको अप्रेसन भएको हो । आँखारोग विभागका प्रमुखसमेत रहनुभएका रसाइलीका अनुसार १ हजार ३ सय २० जना आँखाका बिरामीले ओपीडीमार्फत सेवा पाएका छन् भने ११ जना बिरामीको भर्ना गरेर आँखाका उपचार गरिएको छ । कुनै बेला दाङमा आँखाको उपचार गर्ने अस्पताल राम्रो नहुँदा बिरामीहरुले निकै सास्ती ब्यहोर्नु परेको थियो । आँखाको उपचार गर्नु केवल स्वास्थ्य समस्या मात्र होइन, आर्थिक र मानसिक पीडाको अर्को नाम पनि थियो । उपचारका लागि काठमाडौं धाउनुपर्ने, महँगो खर्च, बसोबासको समस्या र लामो पालो–यी सबै बाध्यताले धेरै बिरामी समयमै उपचारबाट वञ्चित हुने गर्थे । तर अहिले जिल्लाकै प्रतिष्ठानमा आँखाको उपचार भरपर्दो र बिश्वासिलो भएपछि परिदृश्य फेरिएको छ ।

प्रतिष्ठानले सुरु गरेको आँखा सम्बन्धी उच्चस्तरीय विशेष सेवा विस्तारसँगै दुर्गमका बिरामीका लागि आशाको नयाँ ढोका खुलेको छ । अब रुकुम-रोल्पाका बिरामीहरू काठमाडौं होइन, दाङमै आएर अत्याधुनिक उपचार पाइरहेका छन् । आँखा रोग विशेषज्ञ सह-प्रा.डा.रसाइलीले प्रतिष्ठानमा आँखाको कोटरसम्बन्धी उपचार, आँखाको प्लास्टिक तथा पुनर्निर्माण शल्यक्रिया र आँखाको क्यान्सर उपचारजस्ता सेवाहरू बिस्तार गरेसँगै जटिल आँखाका रोगहरूको उपचार जिल्लामै सम्भव भएको छ । “पहिला बिरामीहरूलाई काठमाडौं जानैपर्ने बाध्यता थियो, तर अहिले यहाँकै सेवाले त्यो

अवस्था अन्त्य भएको छ," उहाँले भन्नुभयो । आँखाको अप्रेसन धमाधम हुन थालेपछि प्रतिष्ठानको क्षमतामात्र होइन, दुर्गम क्षेत्रका बिरामीको भरोसा पनि बढेको छ । त्यसैगरी, आँसु नली खोल्ने तथा पुनर्निर्माण गर्ने शल्यक्रिया, कालो मोतियाको उपचार, तथा सौन्दर्यसम्बन्धी आँखा शल्यक्रिया समेत प्रतिष्ठानमा उपलब्ध छन् । माथिल्लो र तल्लो आँखा ढकनी मिलाउने शल्यक्रियादेखि अनुहार सुन्दर बनाउन दिइने विशेष सुई सेवा पनि सञ्चालनमा छ ।

दृष्टि पर्दाको विस्तृत परीक्षण, आँखाको दृष्टि फैलावट जाँच्ने सेवा, नानीको बनावट परीक्षणजस्ता अत्याधुनिक जाँच सेवाहरू पनि यहीँ उपलब्ध छन् । मधुमेह, उच्च रक्तचाप र थाइराइडका कारण आँखामा पर्ने असरको परीक्षण र उपचार पनि यहीँ हुँदै आएको छ । साथै, विशेष किसिमको लेजर उपचार सेवा पनि सञ्चालनमा छ । अब उपचारका लागि राजधानी धाउनुपर्ने बाध्यता हटेको छ । आँखाको उपचारका लागि डा.रसाइलीको नेतृत्वमा रहेको टोलीलाई बिरामीहरूले 'विश्वासिलो' मात्र होइन, 'काठमाडौंकै स्तरको सेवा दिने' भनेर समेत मूल्यांकन गर्न थालेका छन् ।

यससँगै, आँखा वरिपरी वा अनुहारको हड्डी भाँचिएका बिरामीहरूको लागि आधुनिक तरिकाले पुनर्निर्माण शल्यक्रिया पनि यहीँ सम्भव भएको छ । प्रतिष्ठानले आगामी दिनमा अझ अत्याधुनिक उपकरण र बिशेषज्ञ जनशक्ति थप गर्ने योजना बनाएको छ । यसले लुम्बिनी प्रदेश मात्र होइन, कर्णाली र सुदूरपश्चिमका बिरामीहरूलाई समेत ठूलो राहत दिने अपेक्षा गरिएको छ । कुनै समय 'काठमाडौं जानैपर्छ' भन्ने बाध्यता बोकेका दुर्गमका बिरामीहरूका लागि दाङको प्रतिष्ठान अहिले उपचारको नयाँ केन्द्र बनेको छ । जसका कारण जहाँ दूरी घटेको छ, खर्च घटेको छ, र आशा बढेको उपचारमा आएका बिरामीहरु बताउछन् ।

## साउन महिनामा स्वास्थ्य बिमाबाट ६ हजार ४ सय बढीले सेवा पाए

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको साउन महिनामा स्वास्थ्य बिमा सेवाबाट ६ हजार ४ सय ४९ जना बिरामीले सेवा पाएका छन् । यो संख्या इमरजेन्सी र ओपीडीबाट सेवा लिएका बिरामीको हो । प्रतिष्ठानले दिएको जानकारी अनुसार असारमा विभिन्न विभागहरुबाट ५ हजार ९ सय ७७ जना बिरामीले ओपीडी र ४ सय ७२ जना बिरामीले इमरजेन्सी सेवा प्राप्त गरेका छन् । जसअनुसार मुट रोग सेवा ११२ जनाले, दन्त रोग सेवा १ सय ४९ जनाले, छाला रोग सेवा १ सय ८८ जनाले, नाक, कान, घाँटी रोग सेवा २ सय ३८ जना, एमडिजिपी सेवा ३ सय ४८ जनाले, जेनरल सर्जरी सेवा ४ सय ४३ जनाले प्राप्त गरेका छन् ।

त्यस्तै मेडिसिनतर्फ २ हजार ५ सय ५९ जनाले, न्युरो सर्जरी सेवा ९४ जनाले, प्रसुती रोग सेवा ४ सय १५ जनाले, आँखा रोग उपचार सेवा ३ सय ३ जनाले, अर्थोपेडिक सेवा ५ सय ७१ जनाले, बाल रोग उपचार सेवा १ सय ८२ जनाले, मानसिक रोग उपचार सेवा १ सय ५३ जना र युरोलोजी सेवा २ सय २० जनाले एक महिनाको अवधिमा पाएका छन् ।

## प्रतिष्ठानबाट ४३ जनालाई निःशुल्क स्वास्थ्य सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीबाट करिब तीन महिनाको अवधिमा ४३ जना बिपन्न, असाहय र बेवारिसे नागरिकले निःशुल्क सेवा पाएका छन् । सरकारले देशभरका अस्पतालमा १० प्रतिशत बेड र उपचार सेवा निःशुल्क गर्ने भनेसँगै घोराहीमा रहेको प्रतिष्ठानबाट जेठदेखि साउन महिनासम्म ४३ जनाले निःशुल्क सेवा प्राप्त गरेका छन् ।

प्रतिष्ठानले वैशाख १५ गतेदेखि हालम्म ३० वटा बिपन्न, असहाय र बेवारिसे नागरिकका लागि बेड छुट्याएर निःशुल्क उपचार सेवा प्रदान गरेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका अस्पताल निर्देशक डा.सुरेश रसाइलीले जानकारी दिनु भएको छ । तीन सय बेड रहेको राप्ती स्वासथ्य विज्ञान प्रतिष्ठानले बिरामीका लागि ३० वटा बेड छुट्याएको छ । जसबाट तीन महिनाको अवधिमा ४३ जना बिपन्न, असाहय र बेवारिसे नागरिकले निःशुल्क सेवा पाएको निर्देशक रसाइलीले जानकारी दिनुभयो । वडाको प्रमाणका आधारमा बिपन्न, असाहय र बेवारिसे नागरिकलाई निःशुल्क उपचार सेवा दिने गरेको छ । निःशुल्क सेवाको प्रचारप्रसार नहुँदा नागरिकले अत्यन्तै न्यून मात्रामा सेवा लिएका छन् । दिनहुँ हजारको हाराहारीमा बिरामी आउने र सेवा लिने घोराहीमा रहेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा निःशुल्क सेवा पाएसँगै बिरामी खुशी देखिएका छन् । सामाजिक सेवा एकाइबाट पहिले पनि आर्थिक रूपमा विभिन्न नागरिकलाई सेवा प्रदान गर्दै आए पनि सरकारले कूल बेड संख्याको १० प्रतिशत बेड छुट्याएर निःशुल्क सेवा प्रदान गर्ने भनेपछि बेड छुट्याएर सेवा दिन थालेको डा.रसाइलीले बताउनुभयो ।


**संरक्षक**

सह-प्रा.डा.सुरेश रसाइली

निर्देशक

**प्रधानसम्पादक**

प्रा.डा.विकास गौचन

**व्यवस्थापक**

निशान दाजु भट्टराई

सम्पर्क : फोन नं: ९८०१३४८८४५

ई-मेल:

*itdepartment@rahs.edu.np*

*registrar@rahs.edu.np*

*sarayu@rahs.edu.np*